# उन्नत जातको घाँसेवाली कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७६

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस प्राविधिक मापदण्ड तथा संचालन विधिको नाम "उन्नत जातको घाँसेवाली कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि,२०७६" हुनेछ।

(२) यो प्राविधिक मापदण्ड तथा संचालन विधि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रिपरिषद्को निर्णय मिति २०७६/०९/१३) को दफा ४ को उप दफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२, को (मन्त्रिस्तरीय निर्णय) बाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस दस्तावेजमा,

क) "पशु विकास कार्यदल" भन्नाले पशु विकास सम्बन्धी कार्यक्रम संचालनमा सहजीकरणका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुखको संयोजकत्वमा गठित समितिलाई सम्झनु पर्छ।

ख) "समिति" भन्नाले प्रस्ताव छनौट समिति, स्थलगत निरीक्षण समिति, मुल्याङ्कन समिति र कार्यक्रम अनुगमन तथा समन्वय समितिहरु सम्झनु पर्छ।

ग) "डेस्क मूल्यांकन" भन्नाले सम्बन्धित अनुदानग्राहीले पेश गरेको कागज प्रमाणको आधारमा कार्यालयमा गरिने प्रस्ताव/आवेदनको मूल्यांकन सम्झनु पर्छ।

यस प्रविधिक मापदण्ड तथा संचालन विधिमा प्रयोग हुने अनुदान, अनुदानग्राही, कार्यक्रम, कार्यालय, कृषि, कृषि सामाग्री, निर्देशक समिति, बैंक, मन्त्रालय शब्दहरुको व्याख्या "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि,२०७६" को दफा २ बमोजिम हुनेछ।

३. **उद्देश्यः**

क) घाँसमा आधारित पशुपालन गरेर दुध, मासु र ऊन आदिको उत्पादनमा वृद्धि गर्नुको साथै उत्पादन लागत कम गराउने।

ख) हरियो घाँसको उपयोगबाट पशुहरुमा प्रजनन् सम्बन्धी हुने विकृतिको न्यूनीकरण गर्न सहयोग गर्ने

ग) घाँसेवालीहरुको बीउ उत्पादन गरी आयआर्जनमा वृद्धि गर्दै घाँसेवाली श्रोत केन्द्रको रुपमा विकास गर्ने।

४. **कार्यक्रम संचालन गर्ने निकायः**

मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रहरु।

५. **कार्यक्रम संचालन प्रकृयाः**

**५.१ लागत अनुमान तयारीः**

क) सम्बन्धित प्राविधिकबाट कार्यक्रमको प्रति प्याकेजको रु. ५ लाखका दरले (हिँउदे/वर्षे/वहुवर्षे तथा एक भन्दा वढिको संयुक्त प्याकेजको हकमा प्रति प्याकेज अधिकतम रु. ५ लाखका दरले) लागत अनुमान तयार गराई कार्यालय प्रमुखले स्वीकृति गर्नु पर्ने छ । प्याकेज तयार गर्दा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ को अनुसूची १ को क्रम संख्या १६ अनुसार गर्नु पर्नेछ।

ख) लागत अनुमानमा अनुदानग्राहीले व्यहोर्नु पर्ने हिस्सा र कन्टिन्जेंसी रकम समेत समावेश गर्नु

पर्नेछ। बजटेको अधिकतम ५ प्रतिशत रकम कन्टिजेन्सी वापत कट्टा गरी निर्दिष्ट कार्यको प्रशासनिक खर्च, बैठक संचालन, स्थलगत निरिक्षण, प्रमाणीकरण, भ्रमण, अनुगमन तथा मुल्याङ्कन, ईन्धन, मर्मत आदि प्रयोजनको लागि खर्च गर्न सकिनेछ।

(ग) कार्यक्रमको इस्टीमेट गर्न स्थानीय/स्वीकृत दर रेट प्रयोग गर्नु पर्नेछ।

**५.२ सूचना प्रवाह तथा आवेदन/प्रस्ताव संकलनः**

क) कार्यक्रम संचालन गर्ने निकायले फा.नं.१ बमोजिमको १५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी सिलबन्दी प्रस्ताव/आवेदन आह्वान गर्नु पर्नेछ । साथै सोको जानकारी तालुक निकाय र जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा/प्रदेश लेखा नियन्त्रक कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ साथै सम्वन्धित स्थानिय तहहरुमा समेत विघुतीय कपी/पत्र मार्फत सूचना गराउनु पर्नेछ। सूचनाको म्याद भित्र प्रयाप्त आवेदन/प्रस्ताव पेश हुन नआएमा दोश्रो पटक थप ७ दिनको म्याद दिई सूचना प्रकाशन गर्न सकिने छ। दोश्रो पटकको सूचनाबाट जति आबेदन आए पनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

ख) सूचना प्रकाशन भएको म्याद भित्र आवेदक, समुह, सहकारी, सम्बन्धित निकायमा दर्ता भएका व्यवसायिक फार्महरुले फा.नं. २ बमोजिमको ढाँचामा प्रस्ताव/आवेदन र फा.नं. ३ बमोजिमको कार्य योजना सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

ग) प्रस्ताव/आवेदन पेश गर्ने म्याद सकिनासाथ आवेदन दर्ता रजिष्टरलाई रितपूर्वक बन्द गरी दर्ता भएका आवेदनहरुको विवरणको विघुतीय कपी २४ घण्टाभित्र तालुक निकायहरुमा पठाउनु पर्नेछ।

**६. अनुदानग्राहीको योग्यता तथा कागजातहरुः**

**६.१ अनुदानग्राहीको योग्यताः**

अधिकतम ३ वटा समुह मिलेर वा सम्बन्धित घाँसेबाली सहकारी संस्था, दुध उत्पादक सहकारी संस्था, कृषक वा व्यवसायिक फार्महरुः

- कृषकः नीजि वा भाडामा जग्गा लिई घाँसखेती, पशुपन्छीपालनमा संलग्न कृषक ।
- कृषक समुहः स्थानीय तहमा दर्ता/नवीकरण (साविक जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयद्वारा गठित समुह समेत) भएका कर चुक्ता गरेका वा पान नम्बर प्राप्त गरेका व्यवसायिक कृषकहरुको समूह।
- सहकारी संस्थाः प्रचलित कानून अनुसार दर्ता भएका, पान नम्बर प्राप्त गरेका, नियमित वार्षिक साधारण सभा/लेखा परीक्षण गराई कर चुक्ता गरेका कृषि सहकारी संस्था एवं कृषि/पशुपन्छी/घाँस उत्पादनमा संलग्न अन्य सहकारी संस्थाहरु।
- कृषि/पशुपन्छीपालन तथा घाँस उत्पादनमा संग्लन निजी फर्म/उद्यमीः प्रचलित कानून अनुसार दर्ता भई नवीकरण भएका नीजि कृषि/पशुपन्छीपालन/घाँस फर्म/उद्यमी ।

**६.२ आवेदनकालागि आवश्यक कागजातहरुः**

फा.नं.२ अनुसारको ढाँचामा उल्लेखित विवरण र फा.नं.३ बमोजिमको कार्य योजना ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

७. **प्रस्ताव/आवेदन संकलन**

**७.१ सिलबन्दी प्रस्ताव/आवेदन खोल्ने र जाँच गर्ने कार्यः**

रितपूर्वक दर्ता भएका आवेदनहरुलाई कार्यालयले देहाय बमोजिमका समिति गठन गरी नियमानुसार प्रस्ताव खोली मुचुल्का तयार गर्नु पर्नेछ।

- विज्ञ केन्द्रका सम्बन्धित कार्यक्रम संचालन गर्ने अधिकृत सो नभए कार्यालयले तोकेको अन्य प्राविधिक अधिकृत.........................................................................संयोजक
- कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि......................................सदस्य
- जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि....................................................सदस्य
- सम्बन्धित कार्यालयको कर्मचारीहरु तथा आवेदकहरुको.........................रोहवर

**७.२ प्रस्ताव/आवेदन जाँच र प्रारम्भिक सूची तयारीः**

प्राप्त भएका प्रस्ताव/आवेदनहरुको माथि ६.१ र फा.नं.२ मा तोकिएका आवेदनका लागि आवश्यक कागजातहरु सम्बन्धि सूचकका आधारमा देहाय बमेजिमको समितिले संलग्न कागजातहरु जाँच गरी रितपूर्वक भए/नभएको प्रस्ताव/आवेदनहरुको प्रारम्भिक छनौट गरी रित पुगेका तथा रित नपुगेका आवेदन/प्रस्तावहरु रद्द गरिएको कारण सहितको कैफियत खुलाईएको सूची Short list तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ । सूचीलाई सूचना पाटीमा टाँस गरी विद्युतीय कपि/पत्र तालुक निकायमा अबिलम्ब पठाउनु पर्नेछः

- विज्ञ केन्द्रका सम्बन्धित कार्यक्रम संचालन गर्ने अधिकृत सो नभए कार्यालयले तोकेको अन्य प्राविधिक अधिकृत.........................................................................संयोजक
- सम्बन्धित कार्यालयको प्रशासन शाखाको कर्मचारी...................................सदस्य
- सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाको कर्मचारी/सो नभए कार्यालयले तोकेको अन्य कर्मचारी.........................................................................सदस्य

**७.३ प्रस्तावको मूल्याङ्कनः**

माथि ७.२ बमोजिम Short list मा आएका प्रस्तावहरुको प्रमाणको आधारमा डेस्क तथा स्थलगत मूल्यांकन गरिनेछ । समितिले तोकिएको फा.नं.५(क) बमोजिम अंकभार सहितको डेस्क मूल्यांकन गरी मेरिटको आधारमा वर्णानुक्रम अनुसारको लक्षित संख्यामा तीन गुणामा नबढाई स्थलगत मूल्यांकनको लागि सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ। मूल्यांकन समितिले सहिद परिवार, राजनीतिक आन्दोलनका अशक्त/गम्भीर घाईते, भिन्न प्रकारको क्षमता भएका आवेदकहरु मध्ये प्राविधिक रुपमा उत्कृष्ट देखिएका आवदन/प्रस्तावहरुबाट पुष्टयाँई सहित कार्यक्रम लक्ष्यको १०% सम्मको संख्यामा उक्त सूचीमा थप गर्न सक्नेछ । कार्यालयले देहाय बमोजिमको मूल्यांकन समिति गठन गर्नेछः

- कार्यालयले तोकेको अधिकृत.......................................................................संयोजक
- मन्त्रालय/निर्देशनालयले वा तोकेको कृषिसंग सम्बन्धित अन्य निकायको अधिकृत......सदस्य
- कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी......................................सदस्य सचिव

**७.४ सूचीकृत प्रस्तावहरुको स्थलगत निरीक्षण तथा मूल्यांकनः**

क) सूचीकृत प्रस्तावहरुको स्थलगत निरीक्षण कार्य गर्न माथि ७.३ मा गठित समितिले सम्बन्धित स्थानीय तहको प्रतिनिधि वा स्थानीय तहको कृषि सेवाका प्राविधिक वा प्रस्तावित प्रस्तावस्थलको संधियार वा स्थानीय नागरिकको रोहवरमा प्रस्ताव/आवेदनमा उल्लेखित विवरणहरुको अवस्थाको फा.नं.४ अनुरुप स्थलगत निरीक्षण गरी फा.नं.५(ख) बमोजिमको

मापदण्डको आधारमा मूल्यांकन गर्नुपर्नेछ।

ख) स्थलगत निरीक्षण प्रतिवेदनमा कार्यक्रम संचालन गरिने स्थलको चारकिल्ला/GPS Code अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

ग) मूल्यांकन समितिले तोकिएको मापदण्ड र शर्तहरु पुरा गरेका र नगरेका आधारमा प्रस्तावहरुको विवरण फा.नं.५(क) र फा.नं.५(ख) बमोजिम अंकभार सहितको मूल्याङ्कन गरी आयोजना संचालन गर्न सकिने/नसकिने राय र सिफारिस सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

## ८. प्रस्तावहरुको मूल्यांङ्कनः

फा.नं.५(क) र फा.नं.५(ख) को अंङ्कभार जोडी मेरिटको आधारमा प्राप्त नतीजालाई स्विकृतिको लागि सम्बन्धित कार्यालयले यथाशिघ्र देहाय बमोजिमको पशु विकास कार्यदलमा पेश गर्नु पर्नेछ। उक्त कार्यदलले स्विकृतिको क्रममा आवश्यक ठानेमा फा.नं.५(क) र फा.नं.५(ख) बमोजिम भए/नभएको निरीक्षण गर्न/गराउन सक्नेछ।

- विज्ञ केन्द्र प्रमुख........................................................................................संयोजक
- मन्त्रालय/निर्देशनालयले वा तोकेको कृषिसंग सम्बन्धित अन्य निकायको अधिकृत.......सदस्य
- जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि..................................................सदस्य
- जिल्ला समन्वय समितिको कार्यालयको अधिकृत प्रतिनिधि........................................सदस्य
- सम्बन्धित पेशामा उत्कृष्ट कृषक (कम्तिमा एक महिला कृषक समेत गरी २ जना).................................................................................................सदस्य
- विज्ञ केन्द्रका सम्बन्धित कार्यक्रम संचालन गर्ने सम्बन्धित समुहका अधिकृत सो नभए कार्यालयले तोकेको अन्य प्राविधिक अधिकृत.................................................सदस्य सचिव

८.१ पशु विकास कार्यदलबाट स्वीकृत भएको प्रस्तावहरुको अन्तिम नतिजा सोही दिन कार्यालयको सूचना पाटीमा टाँस गरी सोको विघुतीय कपी/पत्र सम्बन्धित तालुक निकायहरुमा अनिवार्य रुपमा पठाउनु पर्नेछ। स्वीकृत भएको प्रस्तावहरुसँग सम्बन्धित अनुदानग्राहीहरुलाई कार्यक्रम संचालनदेखि भुक्तानीसम्मका निर्दिष्ट प्रक्रियाहरु (कार्य योजना, लगत ईष्टिमेट/डिजाईन, सम्झौता, कार्यदिश, कार्य सम्पादन, कार्य सम्पन्न प्रतिवेदन, विल भर्पाई आवश्यक कागजातहरु आदि समेत) का बारेमा जानकारी गराउन अन्तिम नतीजा प्रकाशन गरेको मितिबाट यथासम्भव ७ दिन भित्र अभिमूखीकरण बैठक संचालन गरी फा.नं.६ बमोजिम सम्झौता गरी कायदिश समेत दिनु पर्नेछ। स्विकृत प्रस्तावहरुको सम्बन्धित अनुदानग्राहीहरुलाई मोवाईलमा फोन/एस.एम.एस. मार्फत समेत जानकारी गराउनु पर्नेछ।

८.२ कार्यालयले तोकेको समयसीमा ७ दिन भित्र सम्झौता गर्न नआउने वा सम्झौता गरी १५ दिन भित्र काम शुरु नगर्ने अनुदानग्राहीको हकमा आयोजना सम्पन्न हुन सक्छ भनि यकिन भएमा सुपरिवेक्षकको प्रतिवेदनको आधारमा त्यस्ता अनुदानग्राहीको सम्झौता रद्द गरी क्रमशः योग्यताक्रमको सूची बमोजिमका बैकल्पिक उम्मेदवारसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

८.३ कार्यालयले कार्यक्रमको सूपरिवेक्षक तोकी फा.नं.७ अनुरुप कार्य सम्पन्न प्रतिवेदन तथा सुपरिवेक्षकको सिफारिशको आधारमा भूक्तानी दिनु पर्नेछ।

## ९. कार्यक्रम अनुगमन तथा समन्वयः

कार्यक्रमलाई गुणस्तरिय र प्रभावकारी तवरले संचालन गर्न तथा कार्यक्रमको सहजीकरण, समन्वय एवं

अनुगमन गर्न प्रदेशस्तरमा निम्नानुसारको समिति रहनेछः

- निर्देशक, निर्देशनालय ......................................................................संयोजक
- प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय.........................................सदस्य
- निर्देशनालयका निर्देशकले तोकेका अन्य अधिकृत कर्मचारी एक जना..........सदस्य

**१०. सार्वजनिकीकरणः**

सम्पन्न भएका कार्यक्रमहरुको विवरण सार्वजनिक गर्नु पर्नेछ।

**११. कार्यक्रम संचालन हुने विषयगत क्षेत्रहरुः**

क) घाँसे वाली विकास कार्यक्रमका तोकिएका जातहरुः

- हिउँदे घाँसेबालीमाः जै, वर्षिम, भेच आदि समेत
- वर्षेः टियोसेन्टी, सुडान, बाजरा आदि समेत
- वहुवर्षेः नेपियर, स्टाईलो, अम्रिसो आदि समेत
- डाले घाँसः ईपिल ईपिल, बकाईनो, बडहर, किम्बु आदि समेत

ख) बीउ खरिद गर्दा मान्यता प्राप्त प्रयोगशालावाट बीउ उमार शक्ति परिक्षण गराएको हुनु पर्ने।

ग) बीउको न्यूनतम उमार शक्तिः ८० प्रतिशत।

घ) बीउको श्रोतः सरकारी घाँसेबाली उत्पादन फार्म। सो नभए उक्त फार्मको सिफारिशममा अन्य बीउ श्रोत केन्द्र, समुह, सहकारी आदिबाट खरिद गर्न सकिने।

ङ) क्षेत्रफलः कम्तिमा ५ हेक्टर तथा बाटोको सुविधा भएको।

**१२. भूक्तानी प्रक्रियाः**

क) कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को अनुसुची १ (क्रम संख्या १६) मा उल्लेख भए बमोजिम हुनेछ। भूक्तानी प्रक्रिया, सम्झौता पत्रमा र कार्यविधिमा उल्लेखित प्रावधान अनुरुप हुनेछ। सम्पादित कार्यको प्रमाणका लागि कार्यक्रम संचालन पूर्व (जग्गा र निवेदक) र कार्यक्रम सम्पन्न पश्चात (जग्गा, निवेदक र संचालित कार्यक्रम) को गतिविधि देखिने गरी उही स्थानमा खिचिएको रंगीन फोटो, कार्यक्रमको सुपरिवेक्षकको सिफारीस, आवश्यक कागजातहरु र कार्यक्रम सम्पन्न प्रतिवेदन (फा.नं.७) को आधारमा बैंक खाता मार्फत भूक्तानी दिनु पर्नेछ। कार्यविधि र सम्झौता बमोजिम नभएको तथा उदेश्य पुरा नभएसम्म अधुरो कामको भुक्तानी हुने छैन।

(ख) स्वीकृत वार्षिक कार्यक्रममा उल्लेखित बजेटको परिधिमा रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यक्रम संचालन गर्ने कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

**१३. स्वार्थ बाझिन नहुनेः**

अनुदान प्रवाहको क्रममा अनुदानग्राही, सेवा प्रदायक र अन्य कसैले पनि कार्यक्रमको उदेश्यसंग स्वार्थ बाझिने गरी कार्यक्रम संचालन गर्नु/गराउनु हुँदैन।

**१४. अनुदानको सदुपयोगिताः**

अनुदानग्राहीले अनुदान रकमलाई कार्यविधिको उद्देश्य अनुकुल मात्र प्रयोग गर्नु पर्नेछ।

**१५. प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

अनुदानग्राहीले फा.नं. ८ बमोजिम चौमासिक रुपमा सम्बन्धित कार्यालयमा प्रगति प्रतिवेदन पठाउनु पर्नेछ।

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

फा.नं. १

प्रस्ताव आह्वानको सूचना

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

..............................................

.............................

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०.....................................

यस ..................................................को आ.व. २०..../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उन्नत जातको घाँसेबाली विकास कार्यक्रम संचालनका लागि ......प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषि/पशुपन्छीपालन तथा घाँस उत्पादनमा संग्लन निजी फर्म/उद्यमीः प्रचलित कानून अनुसार दर्ता भई नवीकरण भएका नीजि कृषि/पशुपन्छीपालन/घाँस फर्म/उद्यमीले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०..../..../....) सम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।तपसिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ ।यस सम्बन्धमा थप जानकारीका लागि सूचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क गर्न सकिनेछ । सम्पर्क फोन .......मोवाईल नम्बरः/

१. रु. १० को टिकट टाँसे गरिएको फा.नं. २ अनुसारको आवेदन फारम्म,
२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना,
३. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर (PAN ) प्रमाणपत्रको प्रतिलिपि,
५. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु,
६. समुह/समिति/सहकारी/व्यवसायिक फार्मले सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि,
७. समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपि,
८. शहिद परिवार, अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम व्यक्ति भए प्रमाण खुल्ने कागजात..................
९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत ।

पुनश्चः निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाईटबाट प्राप्त गर्न सकिनेछ ।

डा. शैलेन्द्र प्रसाद साह

फा.नं. २

## उन्नत जातको घाँसेबाली विकास कार्यक्रम संचालनका लागि दिईने आवेदन

श्रीमान् प्रमुख ज्यू,

.....................................

**विषय : उन्नत जातको घाँसेबाली विकास कार्यक्रम उपलब्ध गराई दिनु हुन ।**

महोदय,

मलाई/हाम्रो समुह/सहकारी/कम्पनीलाई उन्नत जातको घाँसेबाली विकास कार्यक्रम संचालन गर्न तीव्र ईच्छा भएको हुँदा सहभागी भई निर्धारित प्रक्रिया एवं नियमानुसार अनुदान सहयोग पाउन सम्बन्धित जिल्ला भित्रै रही आवश्यक सम्पूर्ण कार्यहरु सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्दै तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु।

**तपसिल**

१. रु. १० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन पाना थान....
२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना पाना थान....
३. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि पाना थान....
४. स्थायी लेखा नम्बर (PAN ) प्रमाणपत्रको प्रतिलिपि पाना थान....
५. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु पाना थान....
६. समुह/समिति/सहकारी/व्यवसायिक फार्म सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि पाना थान .....
७. समुह/समिति/सहकारीसंग आवद्ध सदस्यहरु सम्मिलित बैठक निर्णयको प्रतिलिपि, पाना थान.......
८. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत पाना थान .....
९. शहिद परिवार, अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम व्यक्ति भए प्रमाण खुल्ने कागजात पाना थान.......
१०. अन्य आवश्यक कागजातहरु:.................पाना थान...... गरी कूल जम्मा पाना थान......
११. सिलबन्दी खाम थान एक, लाहा छापको संख्या.......

**नोटः** पेश गरेका कागजातका पाना थान "अङ्क र अक्षर दुबैमा" सम्बन्धित खालि ठाउँमा लेख्नु पर्नेछ भने पेश नगरिएको कागजातको खालि ठाउँमा "छैन" लेख्नु पर्नेछ।

| निवेदक | फार्मको नामः |
|---|---|
| नाम थरः | ठेगानाः |
| नागरिकता प्रमाणपत्र नं. | सम्पर्क नं. |
| सम्पर्क नं. | संस्थाको छापः |
| दस्तखतः(लेखात्मक) | मितिः रेखात्मक |
| | दायाँ \| वायाँ |

## उन्नत जातको घाँसेबाली विकास कार्यक्रम संचालनका लागि संक्षिप्त कार्ययोजना

(नोटः उल्लेखित बुदाँहरुलाई संक्षिप्त रुपमा वर्णन गर्नु पर्नेछ)

क. व्यवसायको परिचय........................................

१. कार्यक्रमको उद्देशयहरुः घाँसेवाली र विउ उत्पादन/विउ उत्पादन/घाँसेवाली उत्पादन

२. व्यवसायको सन्दर्भिक्ता र उपयोगिताः अतिउत्तम/उत्तम/मध्यम/न्यून

३. कार्यक्रम संचालन स्थल ....गा.पा./ना.पा./उ.म.न.पा./म.न.पा.

४. तालिमः नलिएको/लिएको भए (तालिमको किसिम र अवधि उल्लेख गर्ने)

५. सम्बन्धीत व्यवसायको अनुभव (वर्ष खुलाउने)

६. सम्बन्धित विषयको शैक्षिक योग्यता प्रमाणको प्रतिलिपि पेश गर्ने

७. जग्गाको संचालन अवस्था (कृषि सहकारी/कृषक/समूह/व्यक्तिं/फार्म/कम्पनि)

८. जग्गाको स्वामित्व सदुपयोगःसार्वजनिक लिजमा/व्यक्तिसंग लिजमा/निजीः(चक्लावन्दी भएको)(चक्लाबन्दी नभएको)

९. प्रस्तावमा उल्लेखित कार्यक्रम संचालनको सघनता (Intensity): सघन (Intensive)/अर्धसघन (Semi-Intensive) /सामान्य (Extensive)

१०. जग्गा/माटोको किसिम( उपयुक्त/कमउपयुक्त/अनुपयुक्त)

११. आधारभूत भौतिक पूर्वाधारको अवस्था (विधुत, बाटो, यातायात, बजार, बैंक/बित्तिय संस्था)

१२. कार्यक्रम स्थलमा सडक/यातायातको सुविधा(कच्ची/ग्रावेल/पक्की)

१३. सुरक्षाको अबस्था (फार्म फेन्सको अवस्था)ः भए/नभएको

१४. लोकमार्गबाट कार्यक्रम संचालन हुने स्थानको दूरी (कि.मी.)ः

१५. सिंचाई तथा जल व्यवस्थापनः (पेरिनियल सतही सिंचाई/पेरिनियल भूमिगत सिंचाई/सिजनल सिंचाई)

१६. बीउ/बेर्ना/सेट्सको श्रोत (सरकारी/निजी)

१७. आर्थिक उपार्जन तथा बजारीकरण (अति उत्तम/उत्तम/मध्यम/न्यून)

१८. दिगोपनाः (आर्थिक र प्राविधिक दृष्टिकोण)ः (अति उत्तम/उत्तम/मध्यम/न्यून)

१९. व्यवसायिक स्वरोजगार सम्भावनाः(अत्याधिक/सामान्य/न्यून)

२०. हालसम्म कुनै निकायबाट आर्थिक सहयोगः(नपाएको/पाएको बिगत ३ वर्ष भित्र)

२१. वातावरणीय असरः (भएको/नभएको)

२२. लक्षित वर्गः(समुह/सहकारीमा महिला सहभागिता, शहिद परिवार/दलित/आदिवासि जनजाति/महिला/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम व्यक्ति)

२३. पशुपन्छीको संख्या उल्लेख गर्नेः (गाई/भैसी/राँगो, भेडा/वाखा, कुखुरा/हाँस, अन्य.........)

२४. कार्यक्रम संचालन गरिने जग्गाको क्षेत्रफल हेक्टरमा उल्लेख गर्ने

२५. फार्म मेशिनरी औजार उपकरणको विवरणः............

२६. घाँस भण्डारण र संरक्षणको प्रविधिः (हे/साईलेज/दुवै/नभएको)

२७. फार्मको समग्र व्यवस्थापन (अति उत्तम/उत्तम/सामान्य)

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**लागत प्रतिवद्धता :(स्वघोषणा)**

प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको, उक्त कार्यक्रम संचालन गर्न छनौट भएमा कार्य योजना र सम्झौता बमोजिम लागत साझेदारी आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने, कार्यक्रम संचालन गर्न आवश्यक जग्गा/खोर/गोठ/पोखरीको व्यवस्था गर्ने, प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै निकायबाट बिगतमा आर्थिक सहयोग प्राप्त नगरेको, यस कार्यक्रमको उद्देशयसँग मेरो/हाम्रो कुनै प्रकारको स्वार्थ नबाझिएको, यसमा उल्लेख गरिएका विवरण सत्य साँचो हो र संचालित क्रियाकलापबाट वातावरणलाई कुनै किसिमको असर नपुर्याउने प्रतिवद्धता व्यक्त गर्दछु/छौं।

<u>प्रस्ताव पेश गर्ने</u>

नाम थरः

नागरिकता प्रमाणपत्र नं.

सम्पर्क नं.

दस्तखतः(लेखात्मक)

रेखात्मक

| दायाँ | वायाँ |
|---|---|
| | |

फार्मको नामः

ठेगानाः

सम्पर्क नं.

संस्थाको छापः

मितिः

क. स्थानिय तहको कृषि एवं पशुपन्छी हेर्ने शाखाको सिफारिसः

माथि उल्लेखित व्यहोराहरु उपयूक्त भएको हुँदा प्रस्ताव छनौट प्रक्रियामा निजको प्रस्ताव संलग्न गरि दिनु हुन सिफारिस साथ अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

पदः

कार्यालयको छापः

फा.नं. ४

# उन्नत जातको घाँसेबाली विकास कार्यक्रम संचालनका लागि स्थलगत निरीक्षण प्रतिवेदन

आवेदन दर्ता नं.

आवेदकको किसिमः समूह, घाँसेवाली सहकारी संस्था, दुध उत्पादक सहकारी संस्था, निजी कृषक, व्यवसायिक फार्म) :

आवेदकको नाम : ठेगाना :

आवेदक व्यक्ति भएः लिङ्ग (पुरुष/महिला/अन्य): सामाजिक वर्ग (लक्षित बर्ग, अन्य..............)

कार्यक्रम संचालन हुने जग्गाको विवरणः

| कार्यक्रम संचालन हुने पालिकाको नाम, वडा नं , टोल | कार्यक्रम संचालन हुने जग्गाको क्षेत्रफल (कट्ठा) : | जग्गाको स्वामित्व (निजी/सार्वजनिक) | कित्ता नम्बर | कित्ताको चार किल्ला/GPS code | सम्भाब्य लाभग्राहीको संख्या : - |
|---|---|---|---|---|---|
| | | | | | |

| क्र.सं. | आधारहरु | सुचकहरु | (√) | मूल्यांकनका आधारहरु |
|---|---|---|---|---|
| १ | कार्यक्रमको उद्देश्य | घाँसेवाली र बीउ उत्पादन | | |
| | | बीउ उत्पादन | | |
| | | घाँसेवाली उत्पादन | | |
| २ | व्यवसायको सान्दर्भिकता र उपयोगिता | अति उत्तम | | खास समस्या/प्रस्तावको उद्देश्य, सान्दर्भिकता र औचित्य लगायत । |
| | | उत्तम | | |
| | | मध्यम | | |
| | | न्यून | | |

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ३ | कार्यक्रम संचालन स्थल | गाउँपालिका | | नागरिकता प्रमाण-पत्रको ठेगाना/स्थानीय तहको सिफारिस |
| | | नगरपालिका | | |
| | | उप–महानगरपालिका/महानगरपालिका | | |
| ४ | सम्बन्धि विषय सम्बन्धि तालिम प्राप्त (प्रस्तावित जनशक्ति समेत) | १ महिना भन्दा बढि | | तालिमको प्रमाण-पत्र । |
| | | ३-४ हप्ते | | |
| | | १-२ हप्ते | | |
| | | ३-५ दिने तालिम | | |
| ५ | सम्बन्धि व्यवसाय संचालन अनुभव | >१० बर्ष भन्दा माथि | | दर्ताको प्रमाण-पत्र/सम्बन्धित सिफारिस-पत्र/आवश्यक कागजातहरु। |
| | | >५-१० वर्ष सम्म | | |
| | | >३-५ वर्ष सम्म | | |
| | | १-३ वर्ष सम्म | | |
| ६ | कृषि सेवा सम्बन्धि प्राप्त शैक्षिक योग्यता (प्रस्तावित जनशक्ति समेतः निर्दिष्ट करार सम्झौता सहित) | स्नातक वा सो भन्दा माथी एग्रीकल्चर/लाइभस्टक/प्राकृतिक श्रोत व्यवस्थापन) | | शैक्षिक योग्यताको प्रमाण-पत्र । |
| | | प्रमाण पत्र वा सो भन्दा मुनी एग्रीकल्चर/लाइभस्टक/प्राकृतिक श्रोत व्यवस्थापन | | |
| ७ | जग्गाको संचालन अवस्था | कृषि सहकारी | | जग्गाधनी प्रमाण-पूर्जा, लिजमा लिएको करारनामा, व्यवसाय दर्ता प्रमाण-पत्र । |
| | | कृषक समुह | | |
| | | ब्यक्ति/फर्म/कम्पनी | | |
| ८ | जग्गाको स्वामित्व/सदुपयोग | स्थानीय निकाय/लिजमा लिएको/नीजि (चक्लाबन्दी भएको) | | जग्गाधनी प्रमाण-पूर्जा, सम्बन्धित सिफारिस-पत्र/जग्गाको नक्सा/आवश्यक कागजातहरु/फोटो। |
| | | स्थानीय निकाय/लिजमा लिएको/नीजि (चक्लाबन्दी नभएको) | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | प्रस्तावमा उल्लेखित कार्यक्रम संचालनको सघनता (Intensity) | सघन (Intensive) | | जिविकोपार्जन/उत्पादन र उत्पादकत्व वृद्धि/व्यवसाय प्रवर्द्धन/यान्त्रिकरण/प्रति ईकाई क्षेत्रफलको सदुपयोगिता । |
| | | अर्ध सघन (Semi Intensive) | | |
| | | सामान्य (Extensive) | | |
| १० | जग्गा/माटोको किसिम | उपयुक्त | | दोमट/चिम्टयाईलो/बलौट/सिमसार/बगर/बाँझो/खेती योग्य/अयोग्य/वन/जङ्गल/डुबान क्षेत्र बाढी पहिरोको जोखिम/undulated land। |
| | | कमउपयुक्त | | |
| | | अनुपयुक्त | | |
| ११ | आधारभूत भौतिक पूर्वाधारको अवस्था (विधुत, बाटो, यातायात, बजार, बैंक/बित्तिय संस्था) | कम्तीमा ४ वटा पूर्वाधार भएको | | स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन। |
| | | कम्तीमा ३ वटा पूर्वाधार भएको | | |
| | | कम्तीमा २ वटा पूर्वाधार भएको | | |
| १२ | कार्यक्रम स्थलमा सडक/यातायातको सुविधा | कच्ची सडक | | स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन। |
| | | ग्राभेल सडक | | |
| | | पक्की सडक | | |
| १३ | सुरक्षाको अबस्था (फार्म फेन्सको अवस्था) | भएको | | स्थलगत अवलोकन/फोटो/सोधपुछ । |
| | | नभएको | | |
| १४ | लोकमार्गबाट कार्यक्रम संचालन हुने स्थानको दूरी (कि.मी.) | १० कि.मी. भन्दा माथी | | स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन। |
| | | ५-१० कि.मी. सम्म | | |
| | | ५ कि.मी. मुनी | | |
| १५ | सिंचाई तथा जल व्यवस्थापन | पेरिनियल सतही सिंचाई | | स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन। |
| | | पेरिनियल भूमिगत सिंचाई | | |
| | | सिजनल सिंचाई | | |
| १६ | ब्रीड/बीउ/बेर्ना/सेट्सको श्रोत | सरकारी | | विल/भर्पाई/आवश्यक कागजात/स्थलगत अवलोकन/सोधपुछ |
| | | नीजि | | |

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

| | | | | |
|---|---|---|---|---|
| १७ | आर्थिक उपार्जन तथा बजारीकरण | अति उत्तम | | व्यवसायको नाफा, नगद प्रवाह/बैंङ्क तथा वित्तिय संस्थाको स्टेटमेन्ट/ स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन/खरिद-विक्री खाता । |
| | | उत्तम | | |
| | | मध्यम | | |
| | | न्यून | | |
| १८ | दिगोपनाः (आर्थिक र प्राविधिक दृष्टिकोण) | अति उत्तम | | नौलो प्रविधि, मूल्य अभिवृद्धि, क्षेत्रफल विस्तार, रोजगारी श्रृजना, स्थानीय मौलिकता, स्थानीय श्रोत साधन तथा वातावरणीय पक्ष । |
| | | उत्तम | | |
| | | मध्यम | | |
| | | न्यून | | |
| १९ | ब्यबसायिक स्वरोजगार सम्भाबना | अत्यधिक | | स्थलगत अवलोकन/सोधपुछ/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन, सम्बन्धित सिफारिस, आवश्यक कागजात। |
| | | सामान्य | | |
| | | न्यून | | |
| २० | हालसम्म कुनै निकायबाट आर्थिक सहयोग | नपाएको | | स्थलगतअवलोकन/होर्डिङ्गवोर्ड/सोधपुछ/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन, सम्बन्धित सिफारिस, आवश्यक कागजात। |
| | | पाएकोः बिगत ३ वर्ष भित्र | | |
| २१ | वातावरणीय असर | नभएको | | स्थलगतअवलोकन/होर्डिङ्गवोर्ड/सोधपुछ/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन, सम्बन्धित सिफारिस, आवश्यक कागजात/उत्सर्जित फोहोर व्यवस्थापन। |
| | | भएको | | |
| २२ | लक्षित वर्ग | समुह वा सहकारीको हकमा न्यूनतम ७५% महिला सदस्य/शहिद परिवार | | नागरिकता प्रमाण-पत्र, सम्बन्धित सिफारिस-पत्र/आवश्यक कागजातहरु/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन । |
| | | दलित | | |
| | | आदिवासी/जनजाति/महिला/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम ब्यक्ति | | |

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २३ | गाई/भैंसी, बाखा संख्या | व्यक्ति/फार्म (गाई/भैसीः >२०, बाखाः >४०), समुह/सहकारी/कम्पनी (गाई/भैसीः >२००, बाखाः >४००) | | स्थलगत अनुगमन/सोधपुछ/फोटो/ईलेक्ट्रोनिक ट्याग/वीमाको कागजात/खरिद-विक्री, ढुवानी विल भर्पाई, आवश्यक कागजातसम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन/कृषि गणना तथ्याङ्क । |
| | | व्यक्ति/फार्म (गाई/भैसीः ११-२०, बाखाः २१-४०), समुह/सहकारी/कम्पनी (गाई/भैसीः १०१-२००, बाखाः २०१-४००) | | |
| | | व्यक्ति/फार्म (गाई/भैसीः ५-१०, बाखाः १०-२०), समुह/सहकारी/कम्पनी (गाई/भैसीः ५०-१००, बाखाः १००-२००) | | |
| २४ | घाँस लगाउने जरगाको क्षेत्रफल (हेक्टर) | >१० (हिउँदे+बर्षे+बहुबर्षिय) | | जग्गाधनी प्रमाण-पूर्जा, लिजमा लिएको करारनामा /स्थलगत अवलोकन/नक्सा/सोधपुछ/गुगल अर्थ म्याप/सम्बन्धित प्रकाशन, प्रोफाईल तथा प्रतिवेदन/फोटो । |
| | | >५-१० (हिउँदे+बर्षे+बहुबर्षिय) | | |
| | | ५ (हिउँदे+बर्षे+बहुबर्षिय) | | |
| २५ | फार्म मेशिनरी औजार उपकरण (पम्पिङ सेट, च्याफ कट्टर, ट्र्याक्टर, पावर टिलर, ईलेक्ट्रिक मोटर, मिल्किङ्ग मेशिन, ब्रश कट्टर, स्प्रेयर, ग्राईण्डर, मिक्सचर, थ्रेसर, फिडप्लान्ट) | >८ भन्दा वढी | | स्थलगत अवलोकन/खरिद विल भर्पाई/फोटो/सोधपुछ। |
| | | ६-८ सम्म | | |
| | | ३-५ सम्म | | |
| २६ | घाँस भण्डारण र संरक्षण | हे र साईलेज दुवै वनाएको | | स्थलगत अवलोकन/फोटो/सोधपुछ। |
| | | हे वा साईलेज वनाएको | | |
| | | नभएको | | |
| २७ | फार्मको समग्र व्यवस्थापन | अति उत्तम | | स्थलगत अवलोकन/फोटो/उत्पादन तथा आर्थिक कारोवारको रेकर्ड/बैंक तथा वित्तिय संस्थाको स्टेटमेन्ट/फोहोरमैला व्यवस्था/जैविक सुरक्षा/सोधपुछ । |
| | | उत्तम | | |
| | | सामान्य | | |

नोटः स्थलगत निरीक्षण गर्दा तोकिएको निर्दिष्ट विवरणमा (√) चिन्ह लगाउनुहोस ।

अन्य उल्लेखनीय विवरणहरु केही भए उल्लेख गर्नुहोसः ...............................

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

नोटः स्थलगत निरीक्षणको क्रममा कुनै प्राविधिक वा अप्राविधिक पक्षले समग्र व्यवसाय प्रस्तावनै असम्भव वा असान्दर्भिक देखिने अवस्थामा स्थलगत निरीक्षण समितिले रद्द गर्न सिफारिस गर्ने ।

मैले/हामीले स्थलगत निरीक्षण गर्दा देखिएका र बुझेका उपरोक्त बमोजिमका व्यहोरा सत्य सांचो हो ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| रोहवर | निरीक्षक | निरीक्षक |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| कार्यालयः | कार्यालयः | कार्यालयः |
| मोवाईल नं.: | मोवाईल नं.: | मोवाईल नं.: |

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

फा.नं. ५ (क)

# डेस्क मुल्याङ्कन फाराम

निवेदकको नामः

संचालित कार्यक्रम स्थलको ठेगानाः चार किल्ला/जि.पि.एस.कोडः

दर्ता नं.: दर्ता मितिः आ.व.:

| क.सं. | आधारहरु | सुचकहरु | अंक | डेस्क मूल्यांकनको अंक भार | मूल्याङ्कन विधि | मूल्यांकनको आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको उद्देश्य | घाँसेवाली र बीउ उत्पादन | ३ | | डेस्क | |
| | | बीउ उत्पादन | २ | | | |
| | | घाँसेवाली उत्पादन | १ | | | |
| २ | व्यवसायको सान्दर्भिकता र उपयोगिता | अति उत्तम | ४ | | डेस्क | खास समस्या/प्रस्तावको उद्देश्य, सान्दर्भिकता र औचित्य लगायत । |
| | | उत्तम | ३ | | | |
| | | मध्यम | २ | | | |
| | | न्यून | १ | | | |
| ३ | कार्यक्रम संचालन स्थल | गाउँपालिका | ४ | | डेस्क | नागरिकता प्रमाण-पत्रको ठेगाना/स्थानीय तहको सिफारिस |
| | | नगरपालिका | ३ | | | |
| | | उप/महानगरपालिका/महानगरपालिका | २ | | | |
